# <u>बैठक नं. ३८</u>

आज मिति २०७५ असोज २३

## <u>निर्णय नं.१</u>

यस नगर क्षेत्रका सामाजिक सुरक्षा कार्यक्रम अन्तरगतका लक्षित वर्गलाई चालु आ.व. २०७५/०७६ को प्रथम चौमासिक बापत रु. १,८५,८१,०००/- (रु. एक करोड पचासी लाख एकासी हजार मात्र) निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौमा भूक्तानीको लागि माग भैसकेको तर रकम निकासा हुन नसकेको हुनाले हाललाई नगरपालिकाको आन्तरिक श्रोतबाट संवन्धित बैकहरुमा रकम पठाई उक्त रकम वितरण गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं.२</u>

चालु आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको पुँजीगत तर्फ वडा स्तरिय योजना तथा कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट संवन्धित वडा समितिहरुले पारित गरेको सोहि योजना तथा कार्यक्रम अन्तर्गत प्रवर्धनात्मक कार्यक्रमको लागि पछि फछ्र्यौट हुने गरी प्रति वडा ३,००,०००/- (रु. तिन लाख मात्र) का दरले सम्वन्धित वडा अध्यक्षको नाममा पेश्की दिने निर्णय गरियो ।

## <u>निर्णय नं.३</u>

चालु आ.व. २०७५/०७६ को स्वीकृत बजेट तथा कार्यक्रमको चालु तर्फ वडा कार्यालय सञ्चालन अनुदान शिर्षकमा विनियोजित रकमवाट सम्पुर्ण वडाहरुलाई सेवा महशुल मसलन्द छपाई अतिथि सत्कार स-साना मर्मत सम्भार लगायतका वडा कार्यालय सञ्चालन गर्नका लागी पछि फछ्र्यौट गर्ने गरी प्रत्येक वडाका लागी रु. १,००,०००/- (एक लाख मात्र) का दरले वडा सचिवको नाममा पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.४

UCLG-ASPAC Alibaba Group Hangzhou Municipality Government (BRLC) को सयुक्त आयोजनामा २०१८ सेप्टेम्बर १८ देखि सेप्टेम्बर २२ सम्म चीनको Hangzhou मा सम्पन्न 2018 Computing Conference नामक कार्यक्रममा यस नगरपालिकाका तर्फबाट वडा नं. ७ र वडा नं. ८ वडा अध्यक्षहरु क्रमशः श्री राजकुमार माली र श्री बिनोद महर्जनको सहभागी भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं.५

यहि २०७५ साल असोज २९ गते दिउसो ३ बजे यस नगरपालिकाको हलमा वडा दशै, २०७५ को पावन अवसरमा शुभकामना तथा जलपान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

# बैठक नं. ३७

मिति २०७५ असोज १२ गते शुक्रबार

## निर्णय नं.१

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र संम्बन्धि समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरको नाम |
|---|---|---|
| १ | हरिशरण निर्माण सेवा | कीर्तिपुर २, हरिशरण महर्जन |
| २ | रोमियो निर्माण सेवा | कीर्तिपुर २, भुवन महर्जन |
| ३ | ब्रदर्श निर्माण सेवा | कीर्तिपुर १०, सञ्जय रत्न बज्राचार्य |

## निर्णय नं.२

मिति २०७५ साल साउन २२ बैठक नं. ३३ को निर्णय नं. १० अनुसार काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड कीर्तिपुरलाई पत्राचार गर्दा तहाँवाट प्राप्त जरिवानामा केहि छुट हुने व्यहोरा सहित लेखि आएकोमा पुर्वाधार विकास समितिको सिफारिस बमोजिम २०७५ भाद्र मसान्त सम्मको महशुल र जरिवाना सहित कुल रकम रु.१,६४,९५०/२४ (रु. एक लाख चौसठ्ठि हजार आठ सय पचास पैसा चौविस मात्र)  यस नगरपालिकाको विनियोजन ऐन, २०७५ को खानेपानी तथा सरसफाई शिर्षक अन्तर्गत "नगर क्षेत्रमा खानेपानी वितरण तथा सुधार कार्यक्रम" मा विनियोजन बजेट बाट भुक्तानी दिने साथै पुर्व निर्णय अनुसार उक्त खानेपानी धारा वडा नं. १० कार्यालयको नाममा नामसारी गरिदिन काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.३

चालु आ.व. २०७५/०७६ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको भत्ता विवरण गर्ने क्रममा प्रथंम चौमासिकमा रकम वितरण गर्नका लागि सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ को अनुसूचि ५ बमोजिम लगत कट्टा गरेको र लगत थप भएको विवरण उल्लेख गरी कुल लाभग्राहिको विवरण प्रत्येक वडा समितिमा निर्णय गरी १ हप्ता भित्र सिफारिस सहित नगर कार्यपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.४

बैठक नं. ३६ मिति २०७५/०६/०४ को निर्णय नं. १२ अनुसार वडा नं. ४ सिम झवाहिटि क्षेत्रको करिव ९ (नौ) रोपनी क्षेत्रफलमा फैलिएको सिम क्षेत्रमा पानी मुहानको संरक्षण गरी कलेक्सन च्याम्बर, डग वेल, प्रसोधन केन्द्र लगायका निर्माण गर्न विनियोजन ऐन, २०७५ को खानेपानी तथा सरसफाई शिर्षक अन्तरगत राउते भिर, दुधपोखरी तथा सिम संरक्षण कार्यक्रममा विनियोजित बजेटबाट प्रथम चरणमा सडक पुगेको न्युनतम २ रोपनी भन्दा बढी जग्गा खरिद गर्न देहाय बमोजिम **"जग्गा मुल्य निर्धारण तथा खरिद समिति"** गठन गर्ने निर्णय गरियो ।

(क) अध्यक्ष - श्री रमेश महर्जन (नगर प्रमुख)
(ख) सदस्य - श्री सरस्वति रिजाल (खड्का) (बजेट तथा कार्यक्रम तर्जुमा समिति,संयोजक)
(ग) सदस्य - श्री न्हुच्छे बहादुर महर्जन (पुर्वाधार विकास समिति, संयोजक)
(घ) सदस्य - श्री राजेन्द्र बानीयाँ (सम्वन्धित ४ नं. वडा अध्यक्ष)
(ङ) सदस्य सचिव - श्री सानुवावु परियार (वरिष्ठ लेखा अधिकृत)

## निर्णय नं.५

यस नगर क्षेत्रभित्ररहेका सार्वजनिक पर्ति, ऐलानी जग्गा तथा संरचनाहरुको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्नका लागि सम्वन्धित वडा समितिहरुले आ-आफ्नो क्षेत्रभित्रका त्यस्ता जग्गाहरुको अभिलेख अध्यावधिक गरी संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी आय आर्जनमा समेत वृद्धि हुने गरी कार्यान्वयन गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं.६

यस नगर कार्यपालिका कार्यालयमा जिल्ला समन्वय समितिको कार्यालय, काठमाण्डौवाट खटिई आउनु भएका अधिकृतस्तर छैठौ तहका टिम लिडर शारदा कँडेललाई यहि २०७५ श्रावण १ गतेदेखि तलब भत्ता यस कार्यालयवाट उपलब्ध गराउदै आएको सन्दर्भमा निज सेवा निवृत्त हुँदा नियमानुसार पाउने सम्पुर्ण सुविधा रकम उपलब्ध गराईदिनका लागि जिल्ला समन्वय समितिको कार्यालय, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.७

यहि २०७५ साल असोज २७ गते **"विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवस"** मनाउने सम्वन्धमा विपद् व्यवस्थापन तथा पुननिर्माण समितिका संयोजक श्री गंगाराम महर्जनलाई कार्यक्रमको खाका तयार गरी नगर प्रमुख समक्ष पेश गर्न जिम्मा दिने निर्णय गरियो ।